स्वयम्भू रत्न

# नेपालको इतिहासमा कलंकित घटना


– लेखक –

**रत्न सुन्दर शाक्य**

"परियत्ति सद्धम्म पालक"


Dhamma.Digital


प्रकाशक:

**युवा बौद्ध पूचः**

भक्तपुर


https://dhamma.digital

प्रकाशकः

युवा बौद्ध पूचः

भक्तपुर

प्रथम संस्करणः– १००० प्रति

बु. सं. २५३५

ने. सं. १११२

वि. सं. २०४८

इ. सं. १९९१

(सर्वाधिकार सुरक्षित)

मूल्यः– रू० ५।-

मुद्रकः-

ॐ प्रिन्टिङ्ग प्रेस

ॐ बहाल, काठमाडौं।

फोनः- २२२४५७

https://dhamma.digital

# मेरो कामना

"आनन्दभूमि" र "धर्मकीर्ति" पत्रिकामा बुद्ध-धर्म सम्बन्धी लेखकको रूपमा परिचित श्री रत्नसुन्दर शाक्य केही समय यतादेखि बुद्ध-धर्मको इतिहास विशेषत: बुद्ध, बुद्ध-धर्म र बौद्ध संस्कृतिका लेखक, वक्ता र साधकहरूका बारेमा खोजनीति गर्ने लेखकको रूपमा हाम्रो सामु आउनु भएको छ। यसै सराहनीय प्रयासको प्रतिफल हो, प्रस्तुत पुस्तिका, वहाँको पहिलो प्रकाशन !

"नेपालको इतिहासमा कलंकित घटना" सांच्चै भन्ने भए नेपालमा बुद्ध-धर्मको पुनर्जागरणको पहिलो अध्याय सम्बन्धी चिन्तन मनन हो। यस अध्यायसंग सम्वद्ध व्यक्तिहरूको देन बारेमा जीवनी शैलीको विवरणात्मक आलेखन हो। पुस्तिकामा बुद्धको जन्मभूमि नेपालमा बुद्ध-धर्मको प्रचार प्रसारमा वर्तमान युगमा आएको मारको वर्णन त छँदै छ साथै बौद्धऋषि महाप्रज्ञा, संघ महानायक प्रज्ञानन्द महास्थविर, भिक्षु धर्मालोक महास्थविर, भिक्षु सुवोधानन्द महास्थविर, भिक्षु प्रज्ञारश्मि महास्थविर, श्रामणेर अग्गधम्म, श्रामणेर रत्नज्योति, भिक्षु कुमार काश्यप महास्थविर र श्रामणेर प्रज्ञारसको चिनारी पनि क्रमबद्ध रूपमा प्रस्तुत भएको छ।

पुस्तिकाको अध्ययनवाट संघ महानायक प्रज्ञानन्द महास्थविरबाट गर्नु भएको बुद्ध-शासनको चिरस्थायीका लागि श्रावक संघ र अनागारिका शिष्या परम्पराको महत्वपूर्ण थालनिको स्वरूप पनि स्पष्ट हुन्छ।

श्री रत्नसुन्दर शाक्यले आजसम्म प्रकाशित स्रोतहरू र अप्रकाशित अन्तरवार्तामा खोजनीति गरेर लेख्नु भएको यो पुस्तिका यसरी नेपालको बुद्ध-धर्मको आधुनिक युगको इतिहासका लागि एक गहकिलो आधार हुन

https://dhamma.digital

गएको छ। लेखकको यो अन्वेषण प्रवृति विशेषत: बुद्ध, बुद्ध-धर्म र बौद्ध-संस्कृतिका साधक, लेखक र सहयोगी व्यक्तिहरूको आलेखन कुशलता अझ सुसंगठित, सशक्त, सरस र सरल हुँदै जाओस् भन्ने कामना गर्दछु।

श्री कीर्ति विहार,
कीर्तिपुर
२४।७।२०४८

– भिक्षु सुदर्शन

THIS BOOK / JOURNAL IS DONATED
BY Swayambhu Ratna Tuladhar
DATE 1995
TO BODHIGYANA LIBRARY —Run By
NDAS BUDDHA BODHIGYANA FOUNDATION
Bodhigyana Road Kimdol, Swayambhu,
Nepal

Dhamma.Digital
https://dhamma.digital

# नेपालको इतिहासमा कलंकित घटना

नेपाल सिर्फ बुद्धको जन्मस्थल र उच्च हिमशिखर सगरमाथाको कारण विश्वप्रसिद्ध मानिएको हो। २०१३ सालमा चतुर्थ विश्व बौद्ध सम्मेलन हुनु अगाडि नेपाल एक स्वतन्त्र राष्ट्र थियो भन्ने कुरा विदेशी-हरूलाई त्यतिको थाहा थिएन। तिनीहरू प्राय: जसो इटालीको 'नेपल्स' लाई 'नेपाल' सम्झिराखेका थिए।

२००७ सालमा १०४ वर्षको राणा शासनको अन्त पछि २००८ सालमा नेपाल सरकार र धर्मोदय सभाको विशेष प्रयत्नमा बुद्धका अग्रश्रावक (सारिपुत्र र महामौद्‌ल्यायन) हरूको अस्थिधातु नेपालमा पनि आगमन गराएको थियो। त्यस पश्चात २०१३ सालमा पनि ४२ राष्ट्रका प्रतिनिधिहरू समिल्लित गराई विश्व बौद्ध भ्रातृत्व संघका "चतुर्थ विश्व बौद्ध सम्मेलन" काठमाण्डौमा सम्पन्न भएको थियो।

मानव जातिका सर्वश्रेष्ठ महापुरुष हुनु भएका विश्व प्रसिद्ध सिद्धार्थ गौतम बुद्धको जन्मस्थल भएको यस देशमा १०४ वर्षको राणा शासन कालमा बौद्ध भिक्षुहरूलाई दुइ पटक सम्मन् देश निर्वासन गराउन पुरो-हितवादी (ब्राम्हणवादी) हरू सफल भएका थिए। बहुधर्मालम्वीहरू भएको यस देशमा विश्वका एक तिहाई मानवहरूको धर्म संस्थापक गौतम बुद्धको जन्मस्थल भएता पनि अझ पञ्चायती व्यवस्थाको अन्त पछि पनि एक पक्षीय रुपमा स्वतन्त्र हिन्दू राष्ट्र घोषित गरि विशेषत: बौद्ध-हरूलाई नै प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा अद्यावधि सम्मन् सत्तापक्षबाट दमन् गर्दै आएको कम आश्चर्यको कुरा होइन।



https://dhamma.digital

प्रत्यक्ष रुपमा राणा शासनकालमा गरिएको बौद्धहरूको दमन कार्यको पहिलो चरण यसप्रकार छन् –

१) पहिलो चरणः–फागुन पूर्णिमा वि. सं. १९८१ (ने. सं. १०४५) को दिन तिब्बतको खाम् प्रदेशबाट "कुन सां लोसेल" नामक एक लामाज्यू स्वयभू स्तूप (चैत्य) दर्शन गर्न आइपुग्नु भएको थियो। पछि विशेषकारण वहाँको नाम "क्यान्छा लामा" को रुपमा परिणत हुन गएको थियो।

त्यसवेला केही श्रद्धालु व्यक्तिहरूको अनुरोधमा क्यान्छा लामाज्यूले धर्मदेशना कार्यक्रम शुरू गर्नु भएको थियो। उक्त कार्यक्रम वहाँले सर्व-प्रथम वहाँलाई आश्रय दिनु भएको तंलाछी (त्यौड) का धर्ममान साहू (वि. सं, १९१८ – १९९४) का बैठकमा शुरू गर्नु भएको थियो। केही व्यक्तिहरूको निमित्त शुरू गर्नु भएको धर्मोपदेशबाट विस्तारै प्रचार प्रसार (व्यापक) हुँदै जानाको कारण धर्ममान साहूजीको बैठकले नपुगेपछि वहाँलाई स्वयम्भू पर्वतस्थान (मञ्जुश्री पर्वत) को खुल्ला ठाउँमा एउटा वृक्षमुनि आसन बनाई एक महिना सम्मन् धर्मोपदेश गर्न लगाएको थियो।

यसरी वि. सं. १९८१ सालको अन्तिम महिनामा वहाँलाई स्वयम्भू पर्वत स्थानमा धर्मोपदेश गराउने सम्पूर्ण व्यवस्था धर्ममान साहूले गर्नु भएको थियो। लामाज्यूको तिब्बतीयन भाषालाई काठमाण्डौ यट्खा-वहालका वेखा रत्न साहूले अनुवाद गरिदिनु हुन्थ्यो, जसको पुनः विस्तृत रुपमा ठूली स्वरले पाटन उकुबहालका पण्डित बुद्धिराज शाक्यले व्याख्या गर्न गर्दथ्यो।

तिब्बतको अम्दो (खाम्) प्रदेश देखि ४ वर्ष, ६ महिना लगाई दुष्कर



https://dhamma.digital

चर्या (अष्टाङ्ग दण्डवत्) गर्दै नेपालको ३ प्रमुख चैत्यहरू (नमोबुद्ध चैत्य, स्वयम्भू चैत्य र बोधनाथ चैत्य) दर्शन गर्न आउनु भएका व्यक्ति हुनाको कारण पनि वहाँको दर्शन मात्र गर्नको लागि भएपनि उपत्यका एवं आसपासका मानिसहरू वहाँ रहनु भएको ठाउँमा जमघट हुन्थ्यो । श्रद्धालु श्रोतागणहरूको तर्फबाट उपत्यकाको विभिन्न ठाउँहरूमा पनि वहाँलाई धर्मोपदेश गर्न निमन्त्रण (अनुरोध) गरेको थियो, जस अनुसार स्वयम्भूनाथको अलावा काठमाण्डौको लगन, पाटनको नागवहाल र बाखवा साहूहरूको निवासस्थान, भक्तपुरको आदिपद्म महाविहार (सूजम-धीटोल) बुङ्गको अमरावती महाविहार, किर्तिपुर आदि ठाउँमा वहाँको धर्मदेशना बाट स्थानीय जनताहरू बोध हुन्दै गएको थियो ।

त्यसवेला वहाँको धर्मदेशनाबाट प्रभावित भएका कयौं व्यक्तिहरूमा काठमाण्डौ जैसी देवल (न्हुघः टोल) का नानीकाजी श्रेष्ठ पनि एक हुनु हुन्छ, जसलाई प्रेम बहादुर श्रेष्ठ पनि भनिन्छ । वहाँ विशेषतः क्यान्छा लामाज्यूले देशना गर्नु भएको "चार रत्न" को व्याख्यानबाट प्रभावित भई गृह त्याग गर्नु भएको थियो । वहाँ एक अबौद्ध (हिन्दू) कुलका भएता पनि बुद्ध-धर्मबाट प्रभावित हुन गएको फलस्वरुप 'केरूङ्ग' सम्मन् पनि जानु भई "घ्येलुं" (महायानी भिक्षु) हुनु भएको थियो । वहाँको साथ अन्य २ जना श्रद्धालुहरू पनि केरूङ्गको त्यस फाक्पा गुम्बाका प्रमुख लामाज्यू 'कुश्योरिम्पोछें' को हातबाट घ्येलुं भएका थिए । वहाँहरूको नाम क्रमशः यस प्रकार छन् –

(१) प्रेम बहादुर श्रेष्ठ – पन्धेन श्यरब ।

(२) चिकंमुगलका बुद्धरत्न (कान्छा) शाक्य – पन्धेन दावा र



https://dhamma.digital

(३) पाटनका हर्षदेव शाक्य – पन्धेन ख्यरब ।

वहाँहरू तिनैजना केरुङ्गबाट स्वदेश (काठमाण्डौ) फर्कनु भयो । तर पन्धेन ख्यरब (हर्षदेव शाक्य) एक जना आफ्नो इच्छाअनुसार गोर्खा आरूघाट तिर जानु भएको कारण पन्धेन श्यरब र पन्धेन दावा मात्र कान्तिपुर (काठमाण्डौ) पुग्नु भयो ।

त्यसबेला काठमाण्डौ (कान्तिपुर) को नागार्जुन डाँडा (जामाचो) मा "छेरिन्नोर्वु" नामका एक लामाज्यू सरकारसित अनुमति लिई समाधि-चर्य्यामा रहँदै आउनु भएको थियो । जटाधारी लामाज्यू हुनु भएका वहाँ पनि खाम् प्रदेशबाट नै स्वयम्भू स्तूपको दर्शन गर्न आउनु भएको थियो । पन्धेन श्यरब र पन्धेन दावा तिब्बत (केरुङ्ग) बाट फर्कनु भई वहाँकै आश्रममा जानुभयो ।

यसरी छेरिन्नोर्वुलाई गुरुको रुपमा मानी पन्धेन श्यरब र पन्धेन दावा रहनु भएको केही समय पश्चात क्यान्छा लामाज्यूको धर्मोपदेशबाट प्रभावित भएका ३ जना अन्य श्रद्धालुहरू पनि गुरु छेरिन्नोर्वुकहाँ प्रव्रजित हुन आउनु भयो । त्यसबेला क्यान्छा लामाज्यू तिब्बत फर्किसक्नु भएको थियो । अतः नवश्रद्धालुहरू छेरिन्नोर्वु लामा (क्यान्छा लामाज्यू कै सम्प्रदायका) ज्यू कहाँ प्रव्रजित हुन आएका थिए । वहाँहरू थिए :–

१) चिकंमुगलका दालचिनी मानन्धर

२) ह्यूमतका ज्ञान शाक्य र

३) पाटनका वेखाराज शाक्य ।

यहाँहरूको नयाँ नामाकरण गर्न गुरुले पन्धेन श्यरब (महाप्रज्ञा) लाई नै अनुज्ञा दिएको कारण वहाँले आफ्नो नामसित मेल राखी क्रमशः



https://dhamma.digital

दालचिनीलाई पन्धेन छुल्थिङ्ग (महाज्ञान), ज्ञान शाक्यलाई पन्धेन नर्बु (महाक्षान्ति) र बेखाराज शाक्यलाई पन्धेन चुन्दि (महावीर्य) राख्नु भएको थियो ।

तथागत सम्यकसम्बुद्धको सामू पञ्चवर्गीय भिक्षुहरू जस्तै छेरिग्नोर्बु लामाको सामू वहाँहरू ५ जना घ्येलुहरू नागार्जुन डाँडामा रहँदै आउनु भएको थियो ।

वहाँहरू पाँचै जना क्रमशः महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति पंक्तिवद्ध रुपमा भई काठमाण्डौ शहरमा भिक्षाटन कार्य पनि शुरू गर्नु भएको थियो । जसबाट काठमाण्डौ शहरमा ठूलो हलचल मच्चिएको थियो, किनकि राजा जयस्थिति मल्लले सामाजिक सुधारको वहाना लिई गरेको बौद्ध भिक्षुहरूको दमन पश्चात वहाँहरू ५ जना महायानी भिक्षुहरू नै आधुनिक युगमा काठमाण्डौ शहरमा देखिन आएका बौद्ध भिक्षुहरू थिए । तसर्थ सम्पूर्ण भन्ने जस्तै जनताहरू वहाँहरूको भिक्षाटनको दृश्य हेर्न ठेलमठेला (खचाखच) गर्दै हेर्न आएका थिए । तर सदियौं देखि बुध्द धर्मलाई दमन गर्न सक्रिय भएका सत्ताधर ब्राम्हण-पुरोहितहरूलाई यो कसरी सह्य हुन्थ्यो । अतः तिनीहरूले अनेकौं भएनभएका कुराहरू राणा शासकहरूमा अत्यन्त धूर्त सावित भएका प्रधानमन्त्री चन्द्रशम्शेर (शासनकाल सन् १९०१-१९२९) समक्ष पु-याए । जसको फलस्वरुप एक दिन ह्यूमत टोलमा भिक्षाटन गर्दै रहनु भएको वेला ८-१० जना पुलिसहरू साथ लिई एक अफिसर "वहाँहरूको सामू आई "थानामा हाकिमसाहेवले वोलाएको छ" भन्दै पाँचै जनालाई हाकिम कहाँ पु-याएको थियो ।



https://dhamma.digital

वहाँहरू ५ जना लामा भिक्षुहरू मध्ये प्रमुख हुनुभएका महाप्रज्ञा एक हिन्दूकुल (श्रेष्ठ) बाट बुध्द धर्ममा मोडेको मात्र नभई प्रव्रजित समेत भएको कारण सबभन्दा बढि वहाँलाई नै चापाचाप (कडाइका साथ केर-फेर) गरेको थियो ।

त्यसवेला (राणाशासन अन्तर्गत) नेपाल अधिराज्यको नेवारहरूले कठम्‌कदाचित वौध्द-धर्म माने पनि गृहस्थिको रुपमा मात्र मान्न पाउँथे, नेपाल सरहदभित्र प्रव्रजित हुन पाउँदैनथे बरू मुसलमान हुन पाउँथे । त्यसैले नानीकाजी श्रेष्ठ (महाप्रज्ञा) एक त श्रेष्ठ जातिको हिन्दू गृहस्थ थिए, दोश्रो लामा बौध्द धर्ममा प्रव्रजित भएको कारण वहाँ दोहरो अप-राधी ठहरिएको थियो । त्यसकारण विशेषत: वहाँलाई कडाईका साथ केरफेर गरेको थियो ।

त्यसवेला राणा सरकारले यहाँसम्म अत्याचार गरेको थियो कि एकातिर वहाँहरू पाँचै जनालाई बारम्बार (बरोबर) केरफेर गर्दै रहेको थियो, अर्कोतिर हिन्दू (शिवमार्गी) हरू बुध्द धर्ममा मोड्‌न नहुने कडा नियम (कानून) तयार गर्दै रहेको थियो, जस अनुसार शिवमार्गीबाट बुध्दमार्गीमा दीक्षित हुनेलाई दीक्षा छुटायर पनि एक वर्ष कैद, दीक्षा दिने गुरुलाई ३ वर्ष कैद र बुध्द मार्गमा दीक्षित हुन खोज्नेलाई ६ महिना कैदको नियम बनाई वहाँहरूलाई सजाय दिन तारतम्य मिलाइ रहेको थियो । अन्तमा तीनै नयाँ निर्मित ऐन कानून अनुसार नै वहाँहरू ५ जना सहित गुरु छेरिन्नोर्वुलाई पनि वि. सं. १९८२ सालको श्रावण महिनामा देश निर्वासन गरिएको थियो ।

२) दोश्रो चरण:– राणा प्रधानमन्त्री श्री ३ जुध्द शम्शेर (शासन-



https://dhamma.digital

काल सन् १९३२-१९४५) को पालामा निर्वासित स्थविरवादी भिक्षु-श्रामनेरहरूको निर्वासनको पृष्ठभूमि एवं घटनाक्रम यसप्रकार छन् –

आधुनिक युगमा, नेपालमा सर्वप्रथम महायानी ढंगबाट प्रव्रजित हुनु भएका महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति देश निर्वासन पछि रक्सौल पुग्नु भएको थियो । रक्सौलमा वहाँहरू ईश्वरीलाल श्रेष्ठ (नेपाल भाषाका सुप्रसिध्द साहित्यकार स्वयम्भूलाल श्रेष्ठको बुबा) को घरमा पुग्नु भयो, जहाँ गुरु छेरिन्नोर्वु एक दिन अगाडि नै पुगिसक्नु भएको थियो । गुरु छेरिन्नोर्वुलाई पनि राणा-सरकारले १००।- रुपैंया जनिवाना गरेको थियो, जुन जरिवाना पाटनमा रहनु भएका स्वयम्भूलाल (ने. सं. १०५१-११०७) कै ठुल्वुवा सुब्बा विहारीलाल श्रेष्ठले तिरी दिनु भएको थियो ।

गुरु सहित वहाँहरू पाँचै जना रक्सौलमा ५ दिन रहनु भई बुध्द गया जानु भएको थियो । बुध्दगयामा वहाँहरूको ऊ कोशाला नामक एक स्थविरवादी भिक्षु सित सम्पर्क भयो । वहाँ देखि प्रभावित भई वहाँहरू पाँचैजना थेरावादको रुपमा श्रामणेर हुनु भएको थियो । गुरु छेरिन्नोर्वुले पनि काषायवस्त्र पहिरी स्थविरवादी भिक्षु हुनु भएको थियो ।

बुध्दगयामा १५ दिन जति रहनु भई वहाँहरूले श्रामणेर सिक्षापदहरू वहीं ऊ. कोशाला भन्तेको तर्फबाट जानकारीं प्राप्त गरी सकेपछि गुरु सहित ६ नै जना कलकत्ता जानु भयो ।

कलकत्तामा वहाँहरू "महावोधि सोसाइती" मा रहनु भयो । त्यसवेला जगतमान वैद्य (धर्मादित्य धर्माचार्य) अध्ययनार्थ कलकत्ता आईरहनु भएको थियो । त्यसबेला सम्मनूमा वहाँले श्रीलंकाका सुप्रसिद्ध धर्मदूत



https://dhamma.digital

अनागरिक धर्मपाल (महाबोधि सभाका संस्थापक) सित सम्पर्क राखी कलकत्ताको त्यस महाबोधि सोसाइटीमा आफ्नो विशिष्ट स्थान प्राप्त गरिसकेको थियो ।

अतः आफ्नो देशबाट निष्कासित भएका ती भिक्षुहरूलाई वहाँले विशेष रूपमा स्वागत गर्नु भएको थियो । गुरु छेरिन्नोर्बुले पनि धर्मादित्य धर्माचार्यको प्रतिभा (विद्वता) बाट प्रभावित भई आफ्ना पाँचै जना ती शिष्यहरूलाई वहाँको सन्मुख राखी भन्नु भएको थियो –

"नेपालका राणा प्रधानमन्त्री चन्द्रशम्शेर (सन् १८६३-१९२९) अहिले बुढो भइसक्यो । वहाँ पछि अन्य प्रधानमन्त्री हुन आउँछ, समय सधैं त्यही हुँदैन । यी भिक्षुहरूलाई हाम्रो महायानी शिक्षाले मात्र पर्याप्त हुँदैन, यिनीहरूलाई नयाँ ढंगबाट शिक्षा-दीक्षा दिन तपाईंको जिम्मामा छोड्दै छु ।"

गुरु छेरिन्नोर्बुको अनुरोधलाँई सहर्ष स्वीकार गरी धर्मादित्य धर्माचार्य (ने. सं. १०२२-१०८३) ले वहाँहरूलाई अनेक शिक्षाको साथै मात्रवादी (स्थविरवादी) बुद्ध-धर्मको दीक्षा पनि दिन्दै जानु भएको थियो । वहाँहरूको खानपानको व्यवस्था कलकत्तास्थित धर्ममान साहु (ने. सं. ९८१-१०५७) को कोठीबाट भएको थियो ।

धर्मादित्य धर्माचार्यले अन्य एक मित्रको सहायता लिई नेपालबाट निष्काशित गरिएका भिक्षुहरूको पक्ष लिई अन्तर्राष्ट्रिय जगतमा त्यस अन्यायको विरूद्ध विभिन्न पत्र-पत्रिकाको माध्यमद्वारा प्रचार-प्रसार गर्नु भएको थियो ।

वहाँहरू कलकत्ता महाबोधि-सोसाइटी मा रहँदै आँदा केही अस्वस्थ



https://dhamma.digital

हुँदै गएको कारण गुरु छेरिन्नोर्वु सहित वहाँहरू पाँचै जना कालिम्पोङ्ग प्रस्थान गर्नु भयो । कालिम्पोङ्गमा वहाँहरूको सम्पूर्ण बन्दोवस्त धर्ममान साहूको आदेश एवं आफ्नै स्वइच्छा अनुसार पनि भाजुरत्न साहू (वि. सं. १९४०-२०१३) ले व्यवस्था गरि दिनु भएको थियो ।

कालिम्पोङ्गमा रहनु भएको वेला एक दिन गुरु छेरिन्नोर्वुसित अनुमति लिई महाप्रज्ञा एक्लै दार्जिलिङ्ग एक पटक घुम्न जानु भयो । दार्जिलिङ्गमा एक हितचिन्तक मित्रले घुमफिर मात्र गरिरहनु टिक छैन, केही न केही विद्याध्ययन पनि गर्नु पर्छ भन्ने अववोध गराई कलकत्ता सम्मको व्यवस्था गरिदिएको कारण वहाँ (महाप्रज्ञा) पहिले रहेको ठाउँ "महावोधि सोसाइटी" मा पुग्नु भएको थियो ।

कलकत्ताको त्यस महावोधि-सोसाइटीको "धर्मराजिक-विहार" मा रहनु भई महाप्रज्ञाले धर्मादित्य धर्माचार्य र महावोधि सभाका सेक्रेटरी श्री देवप्रिय वलिसिन्हा (सन् १९०४-१९६८) सित केही पठन-पाठन गर्नु भयो । केही महिनावाद विशेष कारणवश देवप्रियसित विचारमा केही मतभेद हुनाको कारण कलकत्ता छोडी वनारस जानु भयो ।

बनारसवाट पुनः महाप्रज्ञाज्यू बुद्धगया जानु भयो र ३ महिनाको निवासकालमा वहाँले सुगत कान्ति नामक एक उपासकको अनुरोधमा ऊ. ज्योतिका नामक एक बर्मी भिक्षुको आकांक्षा(जो विहार निर्माण गर्न नपाउँदै निधन हुनु भएको थियो ।) अनुरुप गया र बुद्धगयाको विचमा 'मेंगोदगज" भन्ने स्थानमा एउटा विहार निर्माण गर्नु भएको थियो । त्यस विहारको नामाकरण पनि ऊ. ज्योतिका भिक्षुको स्मरण स्वरुप नै "ज्योतिका विहार" वा "ज्योतिका हल" राखेको थियो । जुन विहार पछि



https://dhamma.digital

"महाबोधि सोसाइटी" को आधारबाट संचालन हुन गएको थियो । त्यहाँ कोही भिक्षु नरहेपछि "महाबोधि पाठशाला" को रुपमा परिणत हुन गएको थियो । यो नै महाप्रज्ञाज्यूले निर्माण गर्नु भएको पहिलो विहार थियो ।

त्यस विहारमा रहँदाखेरि वहाँलाई आफूले निर्माण गरेको विहार एवं आफ्नै विहार भने जस्तै अभिमान र ममता वृद्धि हुँदै आएको कारण त्यसलाई मार सम्झि उत्तिखेरै थूकलाई फाले जस्तै बेवास्ता गरि कालिम्पोङ्ग फर्कनु भएको थियो ।

कालिम्पोङ्ग पुग्नासाथ गुरु छेरिन्नोर्बुले एक पटक गालि गर्नु भयो किनकि महाप्रज्ञा दार्जलिङ्ग मात्रघुमेर आउने अनुमति लिई जानु भएको थियो । वहाँ त महिनौं बिताई फर्कनु भयो ।

गुरु छेरिन्नोर्बुले विशेषतः महाप्रज्ञालाई गालि-गलौजका साथै कडा मिजासले पनि व्यवहार गर्नु हुन्थ्यो । जसको कारण एक दिन दु:खित रहनु भएका महाप्रज्ञालाई गुरु छेरिन्नोर्बुले साथ वोलाई जंगलको एउटा शून्य स्थानमा जानु भएको थियो । त्यही एकान्त ठाउँमा गुरुले महाप्रज्ञालाई आफूले किन कठोर-व्यवहार (कडा मिजास) गरे भन्ने बारेमा स्पष्ट बताउनु भएको थियो ।

वहाँको भनाई अनुसार नेपालमा बुद्ध-धर्म भन्दै, गर्दै आएको सम्पूर्ण क्रियाकलापहरू अन्य धर्म (ब्राम्हण धर्म) को मिश्रण हुन गई विकृत हुँदै आइरहेको छ । तसर्थ वहाँले नेपालको निमित्त एक सुयोग्य धर्मप्रचारक बनाउने हेतुले महाप्रज्ञालाई विशेष रुपमा (कडाइका साथ भए पनि) जोड दिनु भएको रहेछ अन्य महाचन्द्र, महाज्ञान, महाबिर्य र महाशान्तिलाई जति जोड (मेहनत) गरे पनि नहुने खालका व्यक्तिहरू भईसकेको



https://dhamma.digital

कुरा गुरु छेरिन्नोर्वुले महसुस गरि सकेको कारण नाम अनुसार नै प्रज्ञावान हुनु भएका महाप्रज्ञालाई मात्र वहाँले विशेष रुपमा जोड दिनु भएको थियो ।

अतः महाप्रज्ञालाई पुनः विशेष रुपमा बुद्ध-धर्म अध्ययन गराउनको निमित्त ल्हासाको प्रसिद्ध गुम्वा "क्येचांश्यार" मा अध्ययन गराउने प्रवन्ध गुरु छेरिन्नोर्वुले गर्नु भयो । जसको निमित्त वहाँ भद्रपुरमा सुब्बा विहारीलाल कहाँ एक पटक आउनु भएको थियो । सुब्वा बिहारीलालको तर्फवाट वहाँ सहित महाप्रज्ञालाई ल्हासा सम्मनको प्रवन्ध गरि दिनु भएको थियो ।

कालिम्पोङ्गवाट फारी-ग्याँची हुँदै झन्डै एक महिनाको अवधिभित्रमा ल्हासा' पुग्नु भई 'क्येचांश्यार गुम्वा" को प्रमुख लामा कहाँ अध्ययनको निमित्त महाप्रज्ञा रहनु भयो, जो सुप्रसिद्ध लामा फोरंखा रिम्पोछेका शिष्य एवं तर्क शाश्त्रका महान विद्वान थिए । वहाँले महाप्रज्ञालाई सर्व-प्रथम "लाम्रिहि" भन्ने ग्रन्थ अध्ययन गराउनु भएको थियो । ती ग्रन्थ अध्ययन गर्दै रहनु भएको वेला कहिलेकाहीं अध्ययनमा दिक्दारीपन आउने वेलामा महाप्रज्ञाले गुरुवर तर्काचार्यवाट देवदेवीहरूको रुपरेखा, ती देवदेवीहरूले समाइराखेको चीजवीज, वेशभूषा आदिको पारमार्थिक ज्ञानको आधारमा केही-न-केही चित्रहरू लेख्ने गरेका थिए ।

एक दिन त्यस्तै एउटा चित्र निर्माण गर्दै रहनु भएको वेला गुरुको आज्ञा अनुरुप एकजना घ्येलु महाप्रज्ञालाई गुरु सन्मुख उपस्थित हुन बोलाउन आयो । उसँले गुरुवर समक्ष अध्ययन नगरि चित्र निर्माण गरि-रहेको पोल (चुगली) पुऱ्याएको रहेछ । गुरुबरको तर्फवाट गालि गराउने



https://dhamma.digital

उसको मनसाय थियो। महाप्रज्ञालाई पनि त्रास भयो, किनकि आफूले अध्ययन नगरि चित्र निर्माण गरि रहेको कुरा सत्य थियो। वहाँलाई यो पूर्ण रुपमा अवगत थियो कि लामा गुरुले रिसको आवेगमा सिकिस्त हुने सम्मन गरि कुट-पित पनि गरिन्छ। अत: महाप्रज्ञा डराई-डराई आफूले निर्माण गरेको चित्र पनि साथ लिई गुरुवर समक्ष उपस्थित हुनु भयो र पछि गुरुकै आज्ञानुसार आफूले चित्रण गरेको भावार्थ गुरुवरलाई बताउँदै जानु भएको थियो।

विचित्र-विचित्रताको कुरा ! महाप्रज्ञाले आफूले चित्रित गरेको त्यस चित्रको पारमार्थिक अर्थ बताउँदै जाँदा गुरु यति प्रसन्न हुनु भयो कि वहाँले त्यस चित्रलाई लिई एउटा कुनामा हस्ताक्षर गर्नु भयो र त्यस चित्रकै आधारमा ल्हासा बजारको ठाउँ-ठाउँमा गई धर्मोपदेश दिन जाने अनुमति दिनु भयो।

एउटा फोटोग्राफरको तर्फबाट त्यस चित्रका अनेकौं साईजहरू तयार भयो। गुरु फोरखा रिम्पोछेको हस्ताक्षर भएको त्यसले ल्हासा शहरमा नेवारहरूको जगतमा मात्र नभई तिब्बतीहरूको जगतमा पनि त्यस चित्रले सन्मान पायो। यहाँ सम्मन् कि त्यस चित्रलाई कसैले पसलमा, कसैले कोठामा, कसैले पाकेट बुकमा अझ कसैले त जन्त्र समेत गरि मालाको रुपमा लगाउने कार्य समेत गरेको थियो।

त्यसै चित्रको तर्फबाट महाप्रज्ञाले विशिष्ट स्थान प्राप्त गर्नु भयो। गुरुले वहाँको निमित्त अलग्ग आशनको बन्दोवस्त गर्नु भयो। एक दिन गुरुबरले महाप्रज्ञालाई यदि कुनै श्रोता गण (श्रद्धालु उपासक) प्रवजित हुन चाहे महाप्रज्ञा आफैले नै प्रवजित गर्न सक्ने अनुमति दिई एउटा



https://dhamma.digital

प्रमाण-पत्र समेत दिनु भयो ।

महाप्रज्ञा त्यस क्येचांश्यार गुम्वामा रहि ध्यान (भावना) कार्य पनि गर्नु भएको थियो । वहाँ त्यस गुम्वाको पछाडि रहेको एउटा ढुंगाको गुफामा घांसको आशन राखी ध्यान गर्ने वानीले गर्दा पछि वहाँमा वातरोग (खुट्टा नचल्ने) हुन गयो ।

त्यसकारण वहाँको वातरोगलाई निको पार्न वहाँलाई विशेष प्रवन्ध गर्दै आउनु भएका ल्हासा शहरका एक प्रतिष्ठत नेवार साहू जोग नारायण (जोगनारां) ले एक वैद्यलाई लिएर आउनु भयो । वैद्यले महाप्रज्ञालाई हेरि सकेपछि मंसको रसमा खानुपर्ने औषधि दिनु भयो ।

तर महाप्रज्ञाले आफ्नो ज्यान गए पनि मंस एवं मसको रस सेवन नगर्ने अठोट लिनु भएको थियो । अतः वैद्य आफ्नो औषधि फिर्ता लिई फर्कनु भएको थियो ।

संयोगको कुरा ! गत ७-८ वर्ष अगाडि देखिन् दोश्रो ल्हासा निवास-काल वितार्उदै आउनु भएका कुलमानसिंह नामक एक नेवार वैद्य वहाँको सन्मुख उपस्थित हुनु भयो । विशेषतः वहाँ वैद्यज्यू महाप्रज्ञाज्यूसित केहि दिन अगाडि देखिन परिचित हुनु भएका थिए । विराग-धर्ममा लिन् भई सक्नु भएका वहाँ वैद्यज्यू महाप्रज्ञा ध्येलुसित केहि ज्ञान-गुणको कुरा हासिल गर्न अभिप्रायले नै वहाँको सन्मुख उपस्थित हुनु भएका थिए ।

जोगनारां साहूले वहाँ पनि वैद्य हुनु भएको कुरा थाहा पाउनाको कारण भन्नु भयो -

ल ! तपाई पनि वैद्य नै हुनु हुन्छ । यहाँ गुरुलाई वातरोग भएको छ, तपाईले पनि एकचोटी हेरि दिनु होस् ।



https://dhamma.digital

कुलमानसिंह वैद्यले पनि महाप्रज्ञा गुरुको रोगलाई निरीक्षण गर्नु भयो र बेलुकै देखिन् विना मंसको रसद्वारा नै वहाँको औषधि उपचार गर्न आउने निर्णय दिनु भयो ।

वहाँ वैद्यज्यूले २ महिना सम्मन् अतुत रुपमा दिनको १ पटक (बिहान र बेलुका) आउनु भई स्वयम् आफैले औषधि लगाई मालिस गर्नु भएको थियो । त्यस अवधिभित्रमा कुलमानसिंह वैद्यले महाप्रज्ञा गुरुको औषधिपचार एवं सेवा सुश्रुषाको भाग्यै आफूले पनि ज्ञान-गुणका अनेकौं कुरा थाहा पाउनु भएको थियो । जसको उपलब्धि स्वरुप २ महिनाको अवधिमा महाप्रज्ञाको वातरोग पनि शान्त भयो र कुलमानसिंह वैद्यको वैराग भावना पनि पूर्ण भएको थियो ।

अत: महाप्रज्ञाले वहाँलाई अवतारी लामाको रुपमा परिचित भएका "फोरखा रिम्पोछे" को तर्फबाट "थिले छुल्थिम्" (कर्मशील) नामबाट छ्येलुं गराउनु भएको थियो ।

त्यसबेला वहाँहरूका साथ वि. सं. १९८२ सालमा निष्काशित भएका अन्य एक छ्येलुं "महावीर्य" पनि थिए । अत: वहाँहरू तिनै जना बिशेषत: महाप्रज्ञाको प्रेरणाले कर्मशील छ्येलुंलाई नेपालमा बुद्ध-धर्म प्रचार गराउन पठाउने अभिप्रायले ल्हासा शहर छोडी आउनु भएको थियो । ल्हासा शहर छोड्नु भएको १७ दिन पछि वहाँहरू "झिखाछ्यें" पुग्नु भएको थियो । झिखाछ्येंमा वहाहरू केही दिन त्यहाँका प्रतिष्ठत साहू भिक्षुवीरसिंह कहाँ रहनु भएको थियो । त्यहाँबाट पुन: झिखाछ्यें-बाट अलि टाढा परेको "कापवया" भन्ने एकान्त स्थानमा जानुभयो, जहाँ वहाँहरूले ध्यानभावनाको निमित्त अनुकुल स्थान हुन गएको कारण



https://dhamma.digital

महिनौं विताउनु भएको थियो ।

कापक्रयाको त्यस एकान्त स्थान (गुफा) मा ४-५ महिना विताउनु भएपछि महाप्रज्ञा र महावीर्य कालिम्पोङ्ग आउनु भएको थियो । कर्मशील घ्येलुं एक जना ध्यान-भावनामा अन्य केही प्रगति गर्ने अभिप्रायले 'कापक्रया' मै केहि महिना फेरि रहने विचारले वहाँहरूलाई विदाई दिनु भएको थियो ।

महाप्रज्ञा गुरु र महावीर्य कालिम्पोङ्ग पुग्नु भई भाजु रत्न साहू (वि. सं. १९४०-२०१३) को कोठीमा रहनु भएको थियो । त्यहाँ रहँदैगर्नु भएको वेला एक दिन महाप्रज्ञाले एउटा किताब (शायद हिन्दी) मा "आर्य अष्टांगिक मार्ग" को कुरा आएको केही नबुझेको कारण आफ्नो एक सुपरिचित स्थविरवादी गुरु चन्द्रमणी महास्थविर (सन् १८७६–१९७२) कहाँ (कुशीनगर) जानु भएको थियो ।

महाप्रज्ञा गुरु चन्द्रमणि महास्थविर समक्ष रहनु भई केही पठन-पाठन गर्दै रहनु भएको वेला गुरुको आज्ञा अनुसार महाप्रज्ञाले एक वर्ष सारनाथमा पनि विताउन जानु भएको थियो, किनकि सारनाथको बर्मी धर्मशालामा रहँदै आउनु भएका भिक्षु ऊ. कित्तिमा (सन् १९०३-१९८७) विशेष कारणवश वर्मामा एक वर्षको निमित्त फर्कनु भएको थियो। महाप्रज्ञा सारनाथमा रहनु भएको वेला "महावोधि सोसाइटी" को तर्फ वाट श्रीलंकाका भदन्त श्रीनिवास नायक महास्थविर (सन् १८९४-१९६८) पनि सारनाथमा रहँदै आउनु भएको थियो । त्यसवेला "मूलगन्धकुटीविहार" बनाउँदै रहेको कारण बेलाबखतमा अनागारिक धर्मपाल (सन् १८६४-१९३३) निरीक्षण गर्न आउने कुरा महाप्रज्ञा गुरुले आफ्नो



https://dhamma.digital

जीवन-यात्रा (आत्मकथा) मा उल्लेख गर्नु भएको छ ।

बर्मी भिक्षु ऊ कित्तिमा सारनाथ फर्कनु भएपछि महाप्रज्ञा पनि सारनाथबाट कुशी नगर फर्कनु भयो । कुशी नगरमा केही समय रहनु भई वहाँ पुन: कालिम्पोङ्ग पुग्नु भयो । त्यसबेला सम्मनुमा कर्मशील घ्येलु पनि (कापक्ष्यामा ११ महिना ध्यान-भावनामा विताइ सकेर) कालिम्पोङ्ग पुगिसक्नु भएको थियो ।

कर्मशील घ्येलु कापक्ष्याबाट कालिम्पोङ्ग पुगेको केही समयपछाद महापण्डित राहुल साँकृत्यायन हुने रामोदर साधु पनि तिब्बतमा सवा वर्ष विताउनु भई अनेकौं धर्मग्रन्थ एवं महाबोधि (बुद्धगया) चैत्यादिको चित्र (Thanka) हरू लिई फर्कनु भएको थियो । ती सबै वहाँलाई देखाउनु भएको थियो । वहाँहरूलाई एक-आपसमा भेटघाट भाजुरत्न साहुले गराउनु भएको थियो । वहाँहरू दुवैजना भाजुरत्न साहूको आश्रयमा रहेका थिए । वास्तवमा त्यस पटक रामोदर साधु सिर्फ एक दिनको लागि मात्र भाजु रत्न साहूको कोठी (घर) मा आश्रय लिन आउनु भएको थियो । किनकि वहाँ पुगेको भोलिपल्ट (६ जून १९३०) कलकत्ताको निमित्त सिलिगुडी प्रस्थान गर्नु भएको थियो ।

श्रामणेर महाप्रज्ञा कालिम्पोङ्ग पुग्नु भएपछि कर्मशील घ्येलुले पनि बौद्ध तीर्थ एक पटक भ्रमण गर्ने मनसाय व्यक्त गर्नु भयो । अत: महाप्रज्ञाले कर्मशील घ्येलुलाई साथ लिई बौद्ध-तीर्थ यात्रा शुभारम्भ गर्नु भयो । अन्तमा वहाँहरू कुशी नगर पुग्नु भयो । कर्मशील घ्येलुको निमित्त सर्वप्रथम ऊ. चन्द्रमणि महास्थविरको दर्शन प्राप्त भयो । यसरी महाप्रज्ञाको प्रेरणाबाट कर्मशील घ्येलु स्थविरवादमा प्रभावित हुनु भई त्यसै



https://dhamma.digital

बला सन् १९३० (वि. सं. १९८७) मा ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट "श्रामणेर कर्मशील" हुनुभयो ।

कर्मशील, श्रामणेर हुनु भएपछि ऊ. चन्द्रमणि महास्थविर समक्ष रहनु भई केहि शिलाचरण र परित्राण सम्बन्धी आवश्यक कुरा थाहा पाउनु भयो । यसको केहि महिना बाद तथागतको मानववादी पक्ष अनुरूप शुद्ध बुद्ध-धर्म (स्थविरवाद) प्रचार गर्ने अभिप्राय (उद्देश्य) लिई गुरु चन्द्रमणिसित विदा लिनु भयो । श्रामणेर कर्मशीललाई नेपालको सिमाना (रक्सौल) सम्मन् महाप्रज्ञा गुरुले साथ दिनु भई (छोड्न आउनु भएको) कुशीनगर मै फर्कनु भएको थियो, किनकी वहाँको आगमन प्रत्यक्ष रूपमा वि. स. १९८२ देखिन् बन्देज थियो नै ।

महाप्रज्ञा गुरुले त्यसवेलाको कुशीनगरको निवासकालमा एक अति नै चिरस्मरणिय कार्य गर्नु भएको थियो । ती हुन –

तथागत सम्यक सम्बुद्धको परिनिर्वाण स्थान कुशीनगर र वहाँको अग्नि संस्कार गरेको ठाउँ मुकुट बन्धन चैत्य, जसलाई समयको परिवर्तन एवं अज्ञानताको कारण "रामाभार" नामाकरण हुन गएको थियो । त्यही रामाभारमा विधिको विडम्बनाको कुरा हो, प्रत्येक वर्ष रामनवमीको मेला हुने गर्दथ्यो र ती मेलामा "तुही मे मोही मे खड्ग खम्भामें सब घट व्यापित राम" भन्ने ब्राम्हणवादीहरूले एक राम हृदयभएका प्राणीलाई एक राम हृदय भएका प्राणीले नै हिंसा (बलि) गर्ने गर्दथ्यो । त्यहाँ (रामाभारमा) यी सम्पूर्ण कार्य (मेलाको विभिन्न प्रबन्ध एवं हिंसाको अर्डर) गाउँको चौधरीको मातहटमा हुन्थ्यो ।

ती नै मेलाको अवसरमा महाप्रज्ञा त्यहाँ जानुभई गाउँका ती प्रमुख



https://dhamma.digital

चौधरीसित वहाँ (चौधरी) को उत्सुकता अनुरुप महाप्रज्ञाले आफ्नो हातमा लेखि राखेको सीताराम (गृहत्याग गर्नु अगाडि पहिलो परदेश यात्राको रुपमा धरान गएको वेला एक हिन्दू कुलको संस्कार अनुरुप एक फकिर वाबाको संगतमा परि कहिल्यै नमेटिने गरि लेखिएको) को आफ्नो पारमार्थिक ज्ञानको आधारमा अर्थ वताउनुको साथै लक्ष्मण, हनुमान, रावण आदिको पनि आफ्नै ढंगले प्रतिकारात्मक रुप दिई चौधरीलाई वोध गराउन सफल हुनु भएको थियो । उसको परिणाम स्वरुप चौधरीले तत्कालै त्यस मेलामा हिंसा वन्द गराएको थियो । त्यसवेला देखिन् आजसम्मन् त्यहाँ हिंसा कार्य बन्द नै थियो । यो एउटा महाप्रज्ञाको कुशीनगरको निमित्त प्रमुख देन हुन गएको थियो ।

श्रामणेर कर्मशील नेपाल पुग्नु भएको केहि महिनावाद शिवरात्रीको समयमा महाप्रज्ञा पनि गुप्त रुपमा हिन्दू सन्यासीहरुको साथै नेपाल (काठमाण्डौ) आगमन गर्नु भयो । जुन कुरा श्रामणेर कर्मशीलले थाहा पाउनासाथ वहांलाई भेट्न आउनु भयो र त्यसवेला सम्मन्मा श्रामणेर कर्मशीलले विन्दोल विहारमा साहू दशरत्न (पछि भिक्षु धम्मालोक) को आश्रय लिई न्यूनव्रत र अष्टमी व्रतमा लागि रहेका श्रद्धालुहरुलाई विभिन्न परित्राण एवं धर्मोपदेशको प्रतिफल स्वरुप थेरवाद बुद्ध-धर्ममा प्रभावित गर्दै ल्याउन सफल हुनु भएको थियो । तीनै श्रद्धालुहरुको तर्फवाट ४ जनाले त वहांलाई प्रवजित हुने मनसाय पनि ब्यक्त गरिसकेका थिए । अतः त्यस कुराको पनि खवर श्रामणेर कर्मशीलले महाप्रज्ञा गुरुलाई बताउनु भयो । तसर्थ वहांहरुले एक-आपसमा कुराकानी मिलाई सकेपछि महाप्रज्ञा फर्कनु भएको थियो । वहाँ रक्सौल



https://dhamma.digital

पुग्नुभई ईश्वरीलाल श्रेष्ठकहाँ इन्तजार गरिरहनु भयो ।

स्मरणिय छ, श्रामणेर कर्मशीलनै आधुनिक युगमा नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान गर्न आउनु भएका पहिलो बौद्ध भिक्षु हुनु हुन्छ । त्यसवेला (वि. सं. १९८७) वहाँले गर्नु भएको भिक्षाटन कान्तिपुरवासीहरूको निमित्त एकदमै नौलो र खुल्दुली लाग्ने खालको थियो । जुन देशवाट ५ वर्ष अगाडि धर्मप्रचार गरेको अभियोग लगाई ५ जना बौद्ध श्रमण (घ्येलु) हरूलाई देश निष्काशन गरेको थियो, त्यही देशमा पुन बुद्ध-धर्म पुनरुत्थान गर्न पहेँलो वस्त्र लगाई आगमन गर्नु भएका वहाँ श्रामनेर कर्मशीलको साह सलाई मामूली (कम) सम्झनु हुन्दैन, किनकि स्थिति प्रतिकूल थियो या ने एकदमै खतरा (सत्ता पक्षले केहि गर्न सक्ने) को समय थियो।

वहाँको धर्मोपदेशको प्रतिफलस्वरुप केहि व्यक्तिहरूले हिन्दू-धर्मका केहि अन्धविश्वाशहरू, कर्मकाण्ड, मंस, सुरापान नखानु आदि क्रिया-कलापहरू गर्दै ल्याएको देखि, जस्मा ब्राम्हणहरूलाई नढोगेको पनि सामेल थियो, कारण देखाई ती व्यक्तिहरू (योगवीरसिंह कसाकार, सिद्धिरत्न कंसाकार, माणिकमान तुलाधर, धर्ममान तुलाधर, करूणारत्न तुलाधर, दशरत्न तुलाधर (पछि भिक्षु धम्मालोक) खड्गराज तुलाधर, मञ्जुहर्ष वज्राचार्य, मानदास तुलाधर, हर्षदास तुलाधर, चित्रधर तुलाधर र लक्ष्मीनानी तुलाधर) लाई पक्रेर लगेको थियो । यसलाई "आडम्बर मत पर्व" को संज्ञा दिइएको थियो । यो पर्व राणा चन्द्र शम्शेरजस्तै स्वार्थी एवं क्रूर शासक भएका भीम शम्शेर (शासनकाल सन्१९२९-१९३२) को पालामा भएको थियो ।



https://dhamma.digital

महाप्रज्ञा गुरु रक्सौल पुग्नु भएको ६ दिन पछि श्रामणेर कर्मशील पनि प्रव्रजित हुन चाहने ४ जना उपासकोपासिकाहरूलाई लिई रक्सौल पुग्नु भयो र सातौं दिनमा महाप्रज्ञा गुरु समेत सर्व कुशीनगर जानुभयो ।

कुशीनगरमा ती चारैजना श्रद्धालुहरूलाई ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रज्या कार्य सम्पन्न गराउनु भएको थियो । प्रव्रज्या पश्चात एवं गृहस्थको नामावरण वहाँहरूको यसप्रकार छन् –

१) माहिला उपासक – श्रामणेर शासन ज्योति

२) पुण्यतारा उपासिका – अनागारिका रत्नपाली

३) चन्छिमि उपासिका – अनागारिका धर्मपाली

४) संघतारा उपासिका – अनागारिका संघपाली

नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थानको इतिहासमा सर्वप्रथम गृहत्याग गरि अनागारिकाहरूको इतिहास यी नै ३ जना गुरुमाँ (अनागारिका) हरूले शुरू गर्नु भएकी थिइन् ।

वहाँहरूको प्रव्रज्या कार्य सकिएपछि केहि दिनबाद शासनज्योति श्रामणेर एक जनालाई कुशीनगर मै छोडी, अनागारिका रत्नपालीलाई नेपालमा पठाई सकेपछि अनागारिका धर्मपाली र संघपालीलाई साथ लिई श्रामणेर कर्मशील कालिम्पोङ्ग जानु भएको थियो ।

यता कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविर समक्ष एउटा बर्मीज अखबार पुगेको थियो, जसमा महाप्रज्ञाको फोटो छापि खोजनिति गरिएको थियो । कारण, वहाँलाई बर्मा बोलाई उपसम्पन्न गराउने दयाकहरू तयार थिए । अतः गुरुको आज्ञा अनुसार महाप्रज्ञा गुरु श्रामणेर शासनज्योतिलाई



https://dhamma.digital

साथ लिइ बर्मा प्रस्थान गर्नु भएको थियो । बर्मा पुगेको केहि दिनवाद, वि. सं. १९८८ (सन् १९३१) को वैशाख पूर्णिमाको दिन वहाँहरु दुबै-जना (महाप्रज्ञा र शासनज्योति) रंगूनको "क्याउँम्याउँवयाउँ" नामक विहारको विहाराधिपति ऊ. केशरा महास्थविरको उपाध्यायत्वमा उप-सम्पन्न हुनु भएका थिए ।

यता, कालिम्पोङ्ग पुग्नु भएका श्रामणेर कर्मशील विशेषकारण-वश वडो कष्टका साथ इलाम एक पटक जानु भएको थियो । इलाममा संघपाली अनागारिकाको परिवारलाई धर्मोपदेशवाट प्रभावित गरि केहि दिनवाद कालिम्पोङ्गको त्यहि घुम्पहाडमा फर्कनु भएको थियो ।

कालिम्पोङ्गमा केहि दिन रहनु भएपछि अनागारिका धर्मपालीलाई साथ लिइ वहाँ किन्दोल विहारमा पुग्नु भयो । केहि समय पछि अना-गारिका संघपाली पनि (इलामबाट) किन्दोल विहार आई पुगिन् ।

यस पटकको किन्दोल विहार निवासकालमा पनि शासक पक्षका गुप्तचर (C. I. D.) हरुको आवागमन विहारमा वरोवर नभएको होइन । तर पनि भिक्षु प्रज्ञानन्दले वडो निर्भिकता साथ शुद्ध बुद्ध शास-नको उन्नति एवं अभिवृद्धिको निमित्त धर्मोपदेश गर्दै रहनु भएको थियो ।

यस पटकको किन्दोल विहार निवास कालको प्रतिफलस्वरुप पनि केहि श्रद्धालु उपासकोपासिकाहरुलाई तथागतको परिनिर्वाण-भूमि कुशी नगरमा तीर्थाटन गराउन लग्नु भएको थियो । ती उपासकोपासिकाहरुमा दशरत्न (पछि भिक्षु धम्मालोक), लक्ष्मीनानी (पछि अनागारिका धर्मा-चारी), दानमाया (पछि अनागारिका विशाखा) आदि गरि ९, १० जनाको



https://dhamma.digital

एक ग्रुप (दल) नै थियो । वहाँहरू सबै कुशीनगर पुग्नु भएपछि गुरु चन्द्रमणि महास्थविरको सरसल्लाह अनुरुप भारतका अन्य तीर्थस्थल (सारनाथ, बुद्धगया आदि) हरूको भ्रमण पछि वहाँहरू कलकत्ता जानु भएको थियो । कलकत्तावाट पुनः चटगाउँ जानु भयो र चटगाउँका एक अग्गमहापण्डित धम्मवंश महास्थविरको विहारमा एक रात विताई वहाँहरू अराकन पुग्नु भएको थियो । वहाँहरूलाई पथप्रदर्शकको रुपमा गुरुवर उ. चन्द्रमणि महास्थविरले आफ्नै एक शिष्य भिक्षु जिनानन्दलाई साथ लगाई दिनु भएको थियो । अराकन पुगेको केहि दिनपछि दशरत्न साहू एक्लै वहाँहरूलाई छोडी कलकत्ता फर्कनु भएको थियो ।

श्रामणेर कर्मशील पनि मा. धम्मावारी अनागारिकाको विहारमा एक महिना जति रहनु भएपछि अराकन कै "लेंमादो च्याउँ" नामक विहारमा रहन जानु भयो । जुन विहारका अधिपति ऊ. मनवा महास्थविर समक्ष रहनु भई वहाँले बौद्ध-धर्म सम्बन्धी अनेक शिक्षाको साथसाथै वर्मी र पालि भाषाको पनि अध्ययन शुरु गर्नु भएको थियो ।

श्रामणेर कर्मशीलको शीलाचरण, आज्ञापालन, अनुशासन, विद्याध्ययनमा उत्साही, गुरु भक्ति आदिको गुणवाट प्रभावित भई ऊ. मनवा महास्थविर आफैंले श्रामणेर कर्मशीलको उपसम्पदा गराउने बन्दोवस्त गर्नु भयो । यसको निमित्त श्रामणेर कर्मशीलको पूर्वाचार्य हुनु भएका भिक्षु महाप्रज्ञालाई पत्राचार गराई अर्कन बोलाउनु भयो । त्यस वेला भिक्षु महाप्रज्ञा चटगाउँका अग्गमहापण्डित धम्मवंश महास्थविरकहाँ रहि रहनु भएको थियो ।

अत: वहाँ आउनु भएपछि वहाँकै उपाध्यायत्वमा श्रामणेर कर्म-



https://dhamma.digital

शीलको उपसम्पदा कार्य ५ आषाढ १९८९ (सन् १९३२) को दिन सम्पन्न भएको थियो। उपसम्पदा पछि श्रामणेर कर्मशीलको नाम महाप्रज्ञाकै स्मरण आउने गरि "भिक्षु प्रज्ञानन्द" राखिएको थियो।

उपसम्पदा पश्चात नेपालको निमित्त सुयोग्य धर्मप्रचारक बन्ने अभि-प्रायले वहाँले अध्ययनमा विशेष रुपमा जोड दिनु भयो। अर वनको त्यस "लेंमादो च्याउ विहार" मा २६, २७ महिना रहनु भएको समयावधिमा त्रिपिटका अनेकौं ग्रन्थहरू वहाँले अध्ययन गर्नु भएको थियो, साथै अभिधर्म, धातुभेदानुपस्सना, धम्मपद-अट्ठकथा आदि पनि अध्ययन गर्नु भएको थियो। यसको अलावा आफ्नो एक कम्मवाचाचार्य एवं विहारा-धिपति ऊ. मनवा महास्थविरको धर्मोपदेशको तरिका एवं अनेक अनुभव हासिल गर्दै जानु भएको थियो।

अध्ययनकै सिलसिलामा वहाँ अनेक ठाउँमा चारिका गर्दै रहनु भयो। जसअनुसार चटगाउँ, काक्स वजार, रामुपाटली हुन्दै वर्माको मोलमीन शहरमा पुग्नु भयो। मोलमीन शहरको "ताउँ-पाउँ-च्याउँ" विहारमा वहाँले भिक्षु शाक्यानन्द र अनिरुद्धलाई पनि भेट्नु भयो। त्यस बिहारको विहार प्रमुख अग्गमहापण्डित ऊ. चक्कपाल महास्थविर (सन् १८८०-१९५३) वहाँ ५-६ महिना जति रहनु भई भिक्षु प्रज्ञा-नन्दले बौद्ध-धर्मको दार्शनिक पक्ष एवं अन्य बौद्ध ग्रन्थहरूको पनि अध्ययन गर्नु भएको थियो।

मोलमिनमा केहि महिना रहनु भई वहाँ वर्षावासको निमित्त (वि. सं.१९९७) पुन: रामुपातली नै जानु भयो।

वर्षावास समाप्ति पछि भिक्षु शाक्यानन्द र अनिरुद्धको आग्रह एवं



https://dhamma.digital

नेपालका उपासकोपासिकाहरूको निरन्तर निमन्त्रण-पत्र आउनाको कारण वहाँ ने. सं. १०६० (वि. सं, १९९७ मं) मा किन्दोल विहार आउनु भएको थियो ।

वहाँको किन्दोल विहार (नेपाल) आगमन पछि पुन: उपासकोपासिकाहरूको वृद्धि हुन्दै गयो । वहाँकै शंकल्प (इच्छा) अनुसार प्रव्रजित हुन चाहनेहरूको पनि अभिवृद्धि हुन्दै आयो, जसमा प्रमुखत काठमाण्डौ थं:हिटी (क्वा: बहाल) का सप्तरत्न वज्राचार्य, बलम्बूका निर्कुसि उपासक, काठमाण्डौकै हारां उपासकको साथै भोजपुरका एक उपासिका लक्ष्मीमायाले पनि स्थविरवाद बुद्ध-धर्ममा प्रति श्रद्धा उत्पन्न हुनाको कारण आफ्नो सुपुत्र कसाहालाई भिक्षु प्रज्ञानन्द समक्ष प्रव्रजित गराउन जिम्मा दिइ राख्नु भएको थियो । तसर्थ प्रव्रजित हुन चाहने श्रद्धालुहरूलाई साथ लिई वहाँ वि. सं. १९९७ सालको पौष महिनामा कुशीनगर पुग्नु भयो । कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट लक्ष्मीमायाका सुपुत्र बाहेक अन्य ३ जनालाई वि. सं. १९९७ साल मै चन्द्रमणि महास्थविरकै आचार्यत्वमा प्रव्रज्या कार्य सुसम्पन्न गराउनु भएको थियो । प्रव्रज्या पश्चात वहाँहरूको नाम यस प्रकार रहन गए –

१) सप्तरत्न वज्राचार्य – श्रामणेर बुद्धघोष

२) निर्कुसि उपासक – श्रामणेर चूलपन्थ

३) हारां उपासक – श्रामणेर महापन्थण

कसाहा एक जनालाई भिक्षु प्रज्ञानन्दले केहि महिनाबाद मात्र बंगलादेशको "रामूपात्‌ली" भन्ने स्थानको एउटा विहारमा श्रामणेर गराउनु भएको थियो र नाम श्रामणेर अग्गधम्म राखियो ।



https://dhamma.digital

एउटा स्मरणिय कुरा, सप्तरत्न 'बज्राचार्य' कुलका व्यक्ति हुनाको कारण वहाँले त्यसवेला निकै अप्ठ्यारोपन महशुस गर्नु परेको थियो, किनकी अहिले सम्मन् पनि स्थविरवादीहरूलाई देखि नसहने ब्राम्हणहरू मात्र होइन बौद्ध पुरोहित मानिएका वज्राचार्यहरू पनि यथावत छन्, त्यलवेलाको स्थिति झन उग्र हुनु त स्वभाविकै थियो। त्यसैले सप्त-रत्न भिक्षु प्रज्ञानन्दको प्रेरणाले श्रामणेर बुद्धघोष भएको थाहा पाउनासाथ वहाँका परिवारहरूले भिक्षु प्रज्ञानन्दलाई कहीं देखिए पनि कुशल व्यवहार गरेको थिएन। पछि वर्मामा बुद्ध-धर्म अध्ययन गर्दै रहनु भएका भिक्षु बुद्धघोष (उपसम्पन्न-सन् १९४३) स्वयम्ले यथार्थ रुपमा तथागतलाई ऐतिहासिक महामानवको रुपमा प्रचार प्रसार गर्दै आएको स्थविरवाद बुद्ध-धर्म प्रति आधुनिक जगतको श्रद्धा आस्था एवं त्याग भएको वारे वरोवर पत्र लेख्दै पठाएको वापत मात्र विस्तारै भिक्षु प्रज्ञानन्द प्रति वहाँको परिवारको द्वेष भाव अन्त हुन्दै गएको थियो।

भिक्षु प्रज्ञानन्दले वि. सं. १९९७ सालमा नव-प्रवजितहरूमा विशेषतः श्रामणेर बुद्धघोषलाई अध्ययनको निमित्त वर्मा गमन गराई सकेपछि कलकत्ता, चटगाउँ-कावसबजार हुन्दै रामुपातलि जानु भएको थियो। रामुपातली विहारमा झण्डै २ वर्ष जति विताउनु भएपछि विशेषत: भिक्षु अमृतानन्द (वि. सं. १९७५-२०४७) को आग्रहमा वि. सं. १९९९ को वर्षावासको निमित्त तानसेन आउनु भएको थियो।

वहाँको तानसेनको यस वर्षावासको प्रतिफलस्वरुप बुद्ध-शासन अभिवृद्धिको निमित्त केहि श्रद्धालु उपासकोपासिकाहरूले आ-आपनो जीवन बुद्ध-शासनको निमित्त अर्पण गर्नु भएको थियो। ती उपासकोपा-



https://dhamma.digital

सिकाहरूलाई लिई (वर्षावास समाप्ति पछि) कार्तिक महिनामा वहाँ कुशीनगर पुग्नुभयो र ऊ. चन्द्रमणि महास्थविर समक्ष वहाँहरूलाई प्रस्तुत गर्नु भयो । जस अनुसार वहाँहरूको प्रवज्या कार्य उ. चन्द्रमणि महास्थविरको तर्फबाट सम्पन्न भएको थियो । प्रवज्या पश्चात वहाँहरूको नाम यसप्रकार भए:–

१) सूर्यलाल वज्राचार्य – श्रामणेर चुन्द

२) अष्टमान शाक्य – श्रामणेर कुमार काश्यप

३) यचु उपासिका – अनागारिका धुल्ल नन्दी (खेमाचारी)

४) कान्छी उपासिका – अनागारिका चुल्लनन्दी (विवेकाचारी)

वहाँहरू बुद्ध-शासनमा प्रवेश हुनु भएको बर्ष दिन बाद श्रामणेर-कुमार काश्यपका मुमा तेजलक्ष्मी उपासिका र कृष्णकुमारी उपासिका पनि अनागारिका मुदिता (वि. सं १९६०-२०३५) र अनागारिका करूणा (वि. सं, १९५५-२०४५) को नामबाट वि. सं. २००० सालमा कुशी-नगर जानुभई ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट प्रवजित हुनु भएकी थिइन् ।

तानसेन पछि भिक्षु प्रज्ञानन्दको निवासस्थान पाटनको "सुमंगल विहार" हुन गएको थियो । सुमंगल विहारमा निवास गर्नु भएको वेला (२००१ साल) मै वहाँ लगायत नेपालका अन्य ७ जना भिक्षु एवं श्रामणेर-हरूलाई बुद्धको जन्मस्थल लुम्बिनी र पैतृक राज्य कपिलवस्तु संलग्न भएको हिन्दू धर्मको मात्र एकाधिकार रहेको यस देशले शान्तिवादी बुद्धका अनु-यायी '(बौद्धभिक्षु एवं श्रामणेर) हरूलाई दोश्रो पटक घोर अन्याय पूर्वक देश निष्काशन गरिएको थियो । त्यसवेला निष्काशित हुनु भएका भिक्षु एवं



https://dhamma.digital

श्रामणेरहरूको संक्षिप्त परिचय यसप्रकार छन्:-

१) भिक्षु प्रज्ञानन्द:- वि. सं. १९५७ (ने. सं. १०२०) सालको वैशाख महिना, अक्षय तृतीयाको दिन जन्मनु भएका वहाँ पिता हर्षविर-सिंह तुलाधर र माता मोहनमाया तुलाधरका कनिष्ठ पुत्र हुनुहुन्छ ।

गृहस्थको बेला कुलमानसिंह तुलाधरको नामले परिचित हुनु भएका वहाँ १४ वर्षको उमेरमा नै पिता हर्षविरसिंह तुलाधरले छोडेर जानु भएको थियो । अत: १६ वर्षको उमेरमा वहाँ त्यसवेलाको लक्ष्य अनुसार धन सम्पति आर्जन गर्नको निमित्त व्यापारीको रुपमा ल्हासा (तिब्बत) प्रस्थान गर्नु भएको थियो । अफशोच! वहाँको ल्हासा निवास कालमै स्वदेशमा (कान्तिपुर, इतुंबहाल) रहनु भएकी माता मोहनमायाले पनि सदाको निमित्त यस संसारबाट प्रस्थान गरि हालिन् । यसरी ल्हासा पुग्नु भएको ३ वर्षबाद मै मातासित पनि वियोग हुनु परेको कारण कुलमानसिंहको हृदयमा निकै आघाट पुऱ्याएको थियो, गृहस्थ जीवन प्रति वहाँलाई उदासिन हुन्दै आएको थियो ।

२२ वर्षको उमेरमा घरमा माता-पिता-जहान (श्रीमती न्हुक्षमाया) कोही नरहेतापनि एक पटक वहाँ स्वदेश फर्कनु भयो । तर वहाँ सिर्फ ५ महिना मात्र रहनु भई पुन: ने. सं. १०४२ (वि. सं. १९७९) सालमा दोश्रो पटक व्यापार कै सिलसिलामा ल्हासा पुग्नु भएको थियो । यस पटकको निवासकालमै वहाँको सम्पर्क महाप्रज्ञा गुरुसित हुन गएको थियो, जसको फलस्वरुप २८ वर्षको उमेर (ने सं. १०४८) मा कुलमानसिंह वंद्य ल्हासाको एक गुम्बाका प्रसिद्ध लामा 'फोरखा रिम्पोछे' को तर्फबाट महायानी परम्परानुसार "ध्येलुं" हुनु भएको थियो ।



https://dhamma.digital

त्यस पश्चात देश-विदेशको अनेकौं ठाउँमा पुग्नु भई सन् १९३२ (ने. सं १०५२) मा वर्माको अराकनमा उपसम्पन्न हुनु भएपछि वहाँ एक सुयोग्य धर्म-प्रचारक हुने तर्फ लाग्नु भयो। त्यसवेला देखिन् वहाँले नेपालमा स्थविर बुद्ध-धर्मको निमित्त अतुलनीय योगदान दिन्दै आउनु भएको ६ दशक (६० वर्ष) पूर्ण भइसक्यो। अहिले लम्मन् पनि वहाँमा ती सम्पूर्ण गुणहरू समाविष्त छन् नै, जुन गुणवाट नेपालमा कयौं उपासक-उपासिकाहरूलाई बुद्ध-धर्ममा प्रभावित गराउन सफल हुनु भएको थियो।

गत: ३४-३५ वर्ष देखिन् वहाँ पाटनको थैनासित "श्री शाक्यसिंह विहार" मा रहन्दै आउनु भएको छ। हाल वहाँ ९२ वर्षको हुनु हुन्छ।

२) भिक्षु धम्मालोक:– सन् १८९० को दिसेम्वर महिना (१० थिला-गा १०१२) मा साहू केश सुन्दर तुलाधर र बेखालक्ष्मी तुलाधरको सुपुत्रको रुपमा जन्मनु भएका वहाँ गृहस्थको वेला दशरत्न साहू वा बारां साहुको नामले सुविख्यात व्यक्ति थिए। वहाँ व्यापारका सिलसिलामा कहिले आसाम, कहिले कलकत्ता र कहिले ल्हासा सम्मन् पुग्नु हुन्थ्यो।

वि. सं. १९८७ सालको 'आडम्वर मत पर्व' मा सम्मिलित हुनु भएका वहाँ ९ महिनावाद अन्य व्यक्तिहरू (योगविरसिंह, सिद्धिरत्न, माणिकमान आदि) सरह वि. सं. १९८८ को कार्तिक २१ गते त्यस पत्रको व्यान (मुद्दा) राणा प्रधानमन्त्री भीम शम्शेर कहाँ जाहेर भएको ७ दिनवाद २८ कार्तिकको दिन (तिहारको एक दिन अगाडि) सबैलाई छोडिएको थियो।

यसप्रकार सिर्फ अष्टमी-व्रत चलाउनको निमित्त मुद्दिदान लिन



https://dhamma.digital

नेपाल भाषाबाट एउटा पर्चा छापिएको आरोप लगाई "आडम्बर-मतपर्व" मा सम्मिलित गराएको कारण वहाँलाई त्यसपछि (मुद्दा सकिएपछि) नेपालमा रहने इच्छा भएन। अत: वहाँ कुशीनगर जानुभएको थियो। केही महिनावाद पुन: गृहस्थ संसार देखि वाक्क भई बि. सं. १९८९ साल मैं वहाँ ऊ. चन्द्रमणि महास्थविरको तर्फवाट प्रव्रजित भई "श्रामणेर धर्मालोक" हुनु भएको थियो।

प्रवज्या पश्चात गुरुवर ऊ. चन्द्रमणि महास्थविर संगै पुन: एक पटक वर्माको यात्रा गर्नु भयो। वर्माको रंगून, माण्डले, पेगु, अक्याव आदि ठाउँमा गरि एक वर्ष जति घुमफिर गरि सकेपछि कुशीनगर मै फर्कनु भएको थियो। कुशीनगरमा ५, ६ महिना जति रहनु भएपछि वर्षावासको समय पनि समाप्त भइसकेको कारण श्रामणेरकै रुपमा नेपालमा आगमन गर्नु भयो।

तर वहाँलाई अमलेखगञ्ज देखिनै राहदानी (प्रवेश पत्र) दिन विरोध गरेको थियो। अमलेखगञ्जवाट पुन: भीमफेदीमा पनि वहाँले लगाएको वस्त्रदेखि ताज्जुव भई अनेक प्रश्न उठाएको थियो। जसोतसो गरि वहाँले वडो कठिनाई पूर्वक किन्दोल विहार पुग्नु भएको थियो। बाटैमा वहाँलाई सोधिएको अनेक प्रश्न, वस्त्रको अपरिचितता आदि कारणले वहाँको शुद्ध धार्मिक भावनामा राजनीतिक विद्रोहको भावना उठि सकेको थियो। त्यस माथि पनि झन किन्दोल विहार पुगेको केही समयवाद (रातको ९ वजे) नै वहाँलाई दुईजना पुलिस आई थानामा जान विवश गराएको थियो।

वहाँ माथि भए भरको दोष देखाई दरवारिया व्राम्हणवादीहरूले



https://dhamma.digital

राणा प्रधानमन्त्री जुद्ध शम्शेर समक्ष अनेकौं कुराहरू जाहेर गरि सकेको थियो। अतः श्रामणेर धर्मालोकलाई देख्नासाथ जुद्ध शम्शेरले सोधिहाल्यो -

"क्या हो! तिम्रो धर्म त नास्तिक भन्छ नि, राजद्रोह कुरा फैलाउन्छ भन्छ नि।" तब वहाँले जवाफ दिनु भयो –

"होइन महाराज! हाम्रो धर्म त चोरी नगर्ने, झुठो नवोल्ने, जाँड-रक्सी नखाने, रण्डी वा जी नगर्ने, हिंसा (काटमार) नगर्ने, पञ्चशीलमा अधारित धर्म हो। राजकाजसित हाम्रो कुनै द्रोह छैन।"

त्यस पश्चात चुग्लिवाजहरूको र प्रधानमन्त्री जुद्ध-शम्शेरको बीच मुखामुख (हेराहेर) भयो, त्यसपछि पनि ती चुग्ली वाजहरूले केही बोल्न खोजेकोले जुद्ध-शम्शेर क्रुद्ध भई भनेको थियो –

"जाउँ तिमीहरूपनि साधु हुने इच्छा छ भने जाउँ, मलाई केही पनि हानि हुने छैन।"

यस पछि मात्र तिनीहरूले केही भन्न सकेन। यसप्रकार दरवारिया षदयन्त्रवाट श्रामणेर धर्मालोक मुक्त हुनुभयो। केही दिन भिक्षाटनको अनुभव प्राप्त गरि केही समयवाद कुशीनगरमै फर्कनु भयो।

कुशीनगरमा रहनु भएको वेला मै ऊ. चन्द्रमणि महास्थविरलाई सारनाथमा, आधुनिक युगमा नयाँ वनिएको सीमागृह प्रतिष्ठा गर्न निमन्त्रण आएको थियो। ऊ. चन्द्रमणि महास्थविरका साथ श्रामणेर धर्मालोक पनि सारनाथ जानु भयो। सारनाथको त्यही सीमागृहमा गुरु र दाताहरूको आग्रहले त्यस नयाँ सीमागृहमा पहिलो व्यक्तिको रुपमा सन् १९३४ को जनवरी महिनामा श्रामणेर धर्मालोक उपसम्पदा कार्य सम्पन्न पश्चात (भिक्षु धम्मालोक), हुनु भयो।



https://dhamma.digital

उपसम्पन्न भएको डेढ महिनावाद वहाँ महामञ्जुश्री दर्शन गर्ने अभिप्रायले ल्हासा प्रस्थान गर्नु भयो। वहाँको यस साहस देखि यात्रा (तिब्बत यात्रा) मा साथ दिनु भएका महापण्डित राहुल साँकृत्यायन (सन् १८९३-१९६३) समेत ताज्जूव हुनु भएको थियो। भिक्षु धम्मालोक ल्हासावाट महाचीन जाने सम्भव नदेखिएपछि पुन: कालिम्पोङ्ग फर्कनु भई २ मँसिर १९९२ को दिन महाचीन यात्राको निमित्त कलकत्ता पुग्नु भयो र कलकत्ताबाट सिंगापुर, हङ्गकङ्ग, हुन्दै चीन पुग्नु भएको थियो।

चीनमा वहाँ शंघाई, पेकिङ्ग हुन्दै "ुरिपुंच्वेङ्ग (पञ्चशीर्ष पर्वत) पुग्नु भएको थियो, जहाँ वहाँले महामञ्जुश्रीलाई पाँच बुद्ध-मूर्तिको संयूक्त प्रतिकलाई मात्र देख्नु भएको थियो। ती विभिन्न मुद्राका पञ्च बुद्धका मूर्तिहरू निम्न हुन् -

१) अक्षोभ्य २) रत्नसंभव ३) अमिताभ ४) अमोघसिद्धि र ५) वैलोचन (वैरोचन)।

शाक्यमुनि बुद्धको ५ वटा दिन चर्य्याको प्रतिकको रुपमा विभिन्न मुद्रामा निर्मित गरि विभिन्न नामाकरण गरि "महामञ्जुश्री" वनाई-राखेको देख्नु भई भिक्षु धम्मालोक २,३ दिन सम्मन् त वाल्ल (पक्क) पर्नु भई केही निर्णय गर्न सकेको थिएन। वहाँ साक्षात (जीवित) महामञ्जुश्री दर्शन गर्ने चाहना लिई त्यहाँ सम्मन् पुग्नु भएको थियो। केही दिन पछि मात्र निकै सोचविचार गरि वहाँले धर्ममा प्रतिकवादको निकै स्थान रहेको कुरा थाहा पाउनु भयो।

त्यस "महामञ्जुश्री पर्वत" मा ५ महिना रहनु भई वहाँले धारणी, पञ्चबुद्धको पांचलाख तथा महामञ्जुश्रीको धारणी एकलाख पाठ



https://dhamma.digital

गर्नु भई पेकिङ्ग फर्कनु भएको थियो । पेकिङ्गमा एउटा वर्षावास बिताउनु भई नानकिंग (Nanking) हुन्दै पुनः हङ्कङ्ग र सिगापुर-पेनाङ्ग हुन्दै कलकत्ता फर्कनु भएको थियो ।

कलकत्तावाट नेपाल आउनु भई आफ्नो विशिष्ट प्रतिभा (विशेषत: स्वतन्त्र चिन्तनका पक्षपाति) द्वारा त्यसवेलाको वौद्ध-समाजको निमित्त आवश्यक-अनुरुप प्रतिभावान व्यक्तित्व हुनु भई धर्म-प्रचारको कार्यमा अतुलनीय देन देखाउन्दै ५ अक्टोवर १९६७ (१८ आश्विन २०२४) का दिन आफूले नै निर्माण कार्य (संस्थापक) शुरू गरेको "आनन्दकुटी-विहार" मा सदाको निमित्त यस संसारवाट प्रस्थान गर्नु भएको थियो ।

३) भिक्षु सुवोधानन्द:— वि. सं. १९७३ सालको माघ महिनामा भोजपुरको टक्सार टोलमा जन्मनु भएका वहाँ पिता कुलधन शाक्य र माता चिरिमाया शाक्यका कनिष्क पुत्र हुनुहुन्छ । गृहस्थको वेला वहाँ कुलराज शाक्यको नामले सुपरिचित थिए ।

वि. सं. १९९६ सालको वैशाख-पूर्णिमाको दिन कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा श्रामणेर हुनु भएका वहाँ भोजपुरमा भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्द लगायत अन्य ६ जना उपासक-हरूलाई गरेका दमन कार्यमा सम्मिलित व्यक्ति (उपासक) थिए ।

२५ जनवरी १९४० का दिन भिक्षु अमृतानन्द (वि. सं. १९७५-२०४७) का साथ श्रीलंकामा उपसम्पन्न हुनु भएका वहाँ सन् १९४३ मा स्वदेश फर्कनु फएको थियो । नेपालमा आउनु भई २ वटा वर्षावास पूर्ण गर्न नपाउन्दै वहाँ पनि नेपालवाट निर्वासित हुनु परेको थियो ।

गत २६-२७ वर्षदेखिन् वहाँ काठमाण्डौको गण महाविहारमा निवास



https://dhamma.digital

गर्दै आउनु भएको थियो ।

४) भिक्षु प्रज्ञारश्मिः– भोजपुरका बौद्धपासकहरूमा एक हुनु भएका वहाँ गृहस्थको वेला गजरत्न शाक्यको रुपमा थिए । वि. सं. १९७१ सालमा भोजपुरको टक्सारमै जन्मनु भएका वहाँ वि. सं. १९९६ सालमै कुलराज शाक्य (भिक्षु सुबोधानन्द) का साथ गृहत्याग गर्नु भएका थिए । कुलराज शाक्य कुशीनगरमा गई ऊ. चन्द्रमणि महास्थबिरको तर्फबाट श्रामणेर हुनु भएको थियो भने गजरत्न पनि त्यही दिन (वैशाख-पूर्णिमा) कालिम्पोङ्गको प्रज्ञाचैत्य महाविहारमा भिक्षु महाप्रज्ञाको तर्फबाट श्रामणेर हुनु भएको थियो । प्रब्ज्या पश्चात वहाँलाई भिक्षु महाप्रज्ञाले "श्रामणेर प्रज्ञारश्मि" नामाकरण गर्नु भएको थियो ।

१७ अक्टोबर १९४३ (वि. सं. २०००, कार्तिक) को दिन भिक्षु महानामका साथ ऊ. चन्द्रमणि महाविरको उपाध्यायत्वमा उपसम्पन्न हुनु भएका वहाँ काठमाण्डौ आउनु भई पहिलो बर्षावास आनन्दकुटी विहारमा वस्नु भएको थियो । तर वर्षावास शुरू भएको महिना दिन नवित्दै १५ श्रावण २००१ को दिन राणा सरकारले बौद्ध-भिक्षु एवं श्राम-णेरहरूलाई देशवाट निष्कासित हुने हुकुम दिएको थियो । चार जना निष्कासित भिक्षुहरूमा वहाँ कनिष्क थिए ।

वहाँ पनि २०२० सालदेखिन् आवासिक रुपमा गण-महाबिहारमा रहन्दै आउनु भएको छ ।

५) श्रामणेर अग्गधम्मः– वि. सं. १९९७ सालमा बंगलादेशको रामूपातली भन्ने स्थानको एउटा विहारमा श्रामणेर हुनु भएका वहाँ भोजपुरका एक उपासिका लक्ष्मीमायाका सुपुत्र थिए ।



https://dhamma.digital

भिक्षु प्रज्ञानन्दको छत्र-छायाँमा रहनु भएका वहाँ देश-निर्वासनवाट भित्रिए पछि वि. सं. २००७ सालको फागुन-पूर्णिमाको दिन भिक्षु विवेकानन्द महास्थविर (वि. सं.१९७३-२०४२) का साथ आनन्दकुटी बिहारमा वनिएको सीमागृहमा पहिलो पटक श्रीलंकाका महानायक भिक्षु पञ्ञासिंह महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनु भएको थियो। उपसम्पन्न हुनु भएको केही वर्षवाद वहाँ गृहस्थ हुनु भयो।

६) श्रामणेर रत्नज्योति:– ऊ. चन्द्रमणि महास्थविर का शिष्य हुनु भएका वहाँ विशेषत: भक्तपुरमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान गर्नमा अग्रज: हुनुहुन्छ। २००९ साल देखिन् भक्तपुरमा (मुनिविहार स्थापनाकाल देखिन्) अविस्मरणिय देन दिन्दै आउनु भएका, वहाँको अन्त चापागाउँको नवनिर्मित ज्योति विहारमा भएको थियो।

वि. सं. २००६ सालदेखि विशेषत: भिक्षु धम्मालोक महास्थविर र भक्तपुरका प्रथम स्थविरवादी गृहस्थ धार्मिक नेता सम्यकरत्न वज्राचार्य (हाल भिक्षु सम्यकज्योति) ज्यू ले शुरू गर्नु भएको मुनिविहारमा २००९ सालमा भिक्षु रत्नज्योति पाटनवाट भक्तपुरमा रहन आउनु भएको थियो।

एउटा छाप्रोवाट शुरू गर्नु भएकोयस विहारमा २०१० सालमा भिक्षु रत्नज्योतिले प्रथम वर्षावास वस्नु भएको थियो। यसै सालको आषाढ ३२ गते विहारदाता प्रमुख सकल उपासकोपासिकाहरू सम्मिलित भई भव्य समारोहका साथ भिक्षु महासंघलाई विहार दान कार्य सम्पन्न गरेको थियो।

२०११ साल देखि वहाँले भक्तपुरमा पनि वैशाख-पूर्णिमाको दिन



https://dhamma.digital

बुद्ध-पूजा, धर्मदेशना एवं ज्ञानमाला भजन गरि बुद्ध-जयन्तिको शुरूवात गर्नु भएको थियो ।

२०१३ सालदेखि पुनः विस्तृत रुपमा नगर-परिक्रमा गरि बुद्ध-जयन्ति शुरू गर्नु भयो ।

२०१५ सालमा सम्यकरत्न वज्राचार्यको आग्रहमा भिक्षु विवेकानन्द यस विहारमा वर्षावासको निमित्त पाल्नु भएको थियो। यस वर्ष भिक्षु रत्नज्योति वर्षावासको निमित्त काठमाण्डौ जानु भएको थियो । वर्षावासको यस अदल-बदलवाट पुनः एक पटक भक्तपुरमा भिक्षु विवेकानन्दको तर्फवाट भक्तपुरका उपासकोपासिकाहरूलाई बुद्ध-धर्ममा प्रभावित पार्ने मौका मिलेको थियो । वहाँको धर्मोपदेशवाट विशेषतः वहाँको शैलीद्वारा जनमानसमा निकै प्रभाव पारेको थियो । २०१६ सालमा पुनः भिक्षु रत्नज्योति नै मुनिविहारमा वर्षावास वस्नु भयो ।

त्यसवेला देखिन् मुनिविहार मै रहनु भई भिक्षु रत्नज्योति २०३१ सालमा धर्मप्रचारकै सिलसिलामा चापागाउँ जानु भएको थियो । त्यहाँ वहाँले "ज्योति विहार" निर्माण कार्यको शुरूवाट गर्नु भयो । त्यही वहाँको निधन ७ माघ २०३३ को दिन भएको थियो ।

७) श्रामणेर कुमार काश्यपः– वि. सं. १९९९ मा भिक्षु प्रज्ञानन्दज्यूले तानसेनमा गर्नु भएको वर्षावासको प्रतिफलस्वरुप बुद्ध-शासनको निमित्त श्रामणेर कुमार काश्यपको प्रादुर्भाव भएको थियो । वहाँको साथै श्रामणेर चुन्दको आगमन पनि त्यसै वेला भएको थियो । वहाँहरू दुवै जनालाई भिक्षु प्रज्ञानन्दले वि. सं १९९९ मै कुशीनगरमा लगी ऊ. चन्द्रमणि महास्थविरको तर्फवाट श्रामणेर गराउनु भएको थियो।



https://dhamma.digital

वि. सं. १९८३ को श्रावण महिनामा जन्मनु भएका वहाँ (भिक्षु कुमार काश्यप) सानै उमेरदेखिन् पिताको स्नेहवाट विमुख हुनु भएका थिए। वहाँ डेढ वर्षको उमेरमै वहाँको पिता श्री सनतमान शाक्यले यस संसारलाई छोडेर जानु भएको थियो। अत: आमा तेजलक्ष्मीले वडो कष्ट-पूर्वक वहाँलाई पालनपोषण गर्नु भएकी थिइन्।

विशेषत: तानसेनवासीहरूलाई बुद्ध-धर्म अववोध गराउनु भएका व्यक्तिहरूमा श्रामणेर सुमंगल पहिलो थिए। वहाँ तानसेनआगमन हुनु भएको वेला श्रामणेर कुमार हुने अष्टमान शाक्य (सुब्बा) १२ वर्षको वालक थिए।

श्रामणेर सुमंगलको शान्त रुप एवं शान्तेन्द्रिय देखि कयौं व्यक्तिहरू प्रभावित हुनु भएको थियो, जस्मा श्रामणेर कुमारकाश्यप माता तेजलक्ष्मी पनि एक थिइन्। वहाँको धर्मोपदेशवाट प्रभावित भई त्यसवेला देखिन् तेजलक्ष्मी उपासिकाले आफू सहित सुपुत्रलाई पनि बुद्ध-धर्ममा शंकल्प गर्ने आकांक्षा लिई राख्नु भएकी थिइन्।

वहाँको यस आकांक्षालाई श्रामणेर सुमंगलले पनि महशुस गर्नु भएको कारण भिक्षु प्रज्ञानन्दलाई श्रामणेर सुमंगलले यस विषयमा जानकारी दिइराख्नु भएको थियो। अत: भिक्षु प्रज्ञानन्द स्थविरको तानसेन आगमन पछि तेजलक्ष्मी उपासिकाको आकांक्षा पूर्ण भएको थियो।

देश निर्वासनको वेला श्रामणेर कुमार आनन्दकुटी विहारमा थिए। देशवाट निर्वासित भएपछि वहाँ भिक्षु प्रज्ञानन्दका साथ कालिम्पोङ्ग जानु भएको थियो। कालिम्पोङ्ग पुग्नु भएको केही हप्ता पछि वहाँ



https://dhamma.digital

सारनाथ एक पटक घुम्न जानु भएको थियो। त्यही केही समय रहनु भएको वेला भिक्षु अमृतानन्द मार्फत श्रीलंकामा अध्ययन गर्न जाने मौका प्राप्त गर्नु भएको थियो। जस अनुसार सन् १९४५ मा वहाँ अध्ययनको निमित्त श्रीलंका पुग्नु भएको थियो।

पूरा १० वर्षको श्रीलका निवासकाल (अध्ययनकाल) भित्र वहाँ सिर्फ एक पटक नेपाल आगमन गर्नु भएको थियो। त्यसैवेला (अग्रश्रावकहरूको अस्थिधातु आगमनको वेला – २००८ सालमा) वहाँ भिक्षु विमलानन्दका साथ आनन्दकुटीको सीमागृहमा उपसम्पन्न हुनु भएका थिए। दिन थियो – १३ नोवेम्वर १९५१ (२७ कार्तिक २००८)।

उपसम्पदा पछि पुनः भिक्षु अश्वघोषका साथ (आगमन पनि साथै) वहाँ श्रीलंका फर्कनु भएको थियो।

वहाँ सन् १९५३ सालमा श्रीलंका विद्यालंकार परिवेणमा प्रवशान परिक्षामा उत्तिर्ण हुनु भएको थियो।

त्यसपछि सन् १९५४ मा विनय सम्वन्धि अन्तिम परिक्षा दिनु भई वहाँ नेपाल फर्कनु भएको थियो।

सन् १९५५ मा विनय सम्वन्धि परिक्षा उत्तिर्ण हुनु भएपछि वहाँ पुनः सन् १९५७ मा श्रीलंका जानु भएको थियो। यसपटक वहाँ त्रिपिटक अन्तर्गत सूत्र-पिटकको आचार्य परिक्षा दिनु भई सन् १९५८ मा सारनाथ आउनु भएको थियो। सारनाथमा ३ वर्ष भिक्षु जगदीश काश्यप (सन् १९०८-१९७६) का साथ पालि त्रिपिटक प्रकाशन कार्यमा सहयोग दिनु भई सन् १९६१ मा नेपाल फर्कनु भएको थियो।

त्यस वेला देखिन् अहिले सम्मन् पनि वहाँ आवासिक रुपमा आन–



https://dhamma.digital

न्दकुटी विहारमा रहन्दै आउनु भएको छ।

८) श्रामणेर प्रज्ञारसः– पाटन गुजि वहालमा जन्मनु भएका वहाँ एक शाक्यकुलका थिए। पहिले किन्दोल विहारमा अष्टमी व्रत, न्यूनव्रतमा लागि रहनु भएका वहाँ पछि भिक्षु महाप्रज्ञाको आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर प्रज्ञारस" हुनु भएको थियो।

देशवाट निर्वासित हुन लागेको वेला वहाँ भिक्षु प्रज्ञानन्दका साथ पाटनको सुमंगल विहारमा रहनु भएका थिए। देश निर्वासनको वेला वहाँ पनि भिक्षु प्रज्ञानन्दका साथ कालिम्पोङ्ग जानु भएको थियो। त्यही वहाँको अन्तिम प्रवास हुन गएको थियो। निर्वासनको केही वर्ष-वादनै वहाँको निधन हुन गएको थियो।

यसरी नेपालको इतिहासमा वि. सं. १९८२ पछि पुन: २००१ सालमा स्थविरवादी बौद्ध भिक्षुहरूलाई अमानवियपूर्वक देशवाट (नेपाल-वाट) निष्काशन गरेको थियो। अनेकतामा एकता, धार्मिक सहिष्णुता आदि रहेकोदेश भनी धाक लगाउने (चिल्लाउने) अबुझहरूले परिपूर्ण भएको यस देशमा यस्ता गजवको धार्मिक सहिष्णुताका अनेकौं प्रमाणहरू छन्, जसलाई राम्ररी अवगत गर्न पूर्वाग्रह रहित एवं स्वतन्त्र रुपमा विचार गर्नु नितान्त आवश्यक हुन आएको छ।

साँच्चिकै रुपमा ऐतिहासिक जिम्मेवारिता निभाउने इतिहासका-रहरूले बुद्धको जन्मस्थल रहेर पनि यस देशले गरेको त्यस अन्यायलाई "नेपालको इतिहासमा कलंकित घटना" को रुपमा उल्लेख नगरि रहन सक्तैन।

हिन्दू-धर्मको जवर्दस्ती प्रचार-प्रसार गर्दै आएको यस देशले वौद्ध-



https://dhamma.digital

हरुलाई गरेको त्यस दमन कार्यको बारेमा विस्तृत वर्णन नेपालको इतिहास र संस्कृतिका विद्वान श्री भुवनलाल प्रधानले आफ्नो "नेपालको जनक्रान्ति" भन्ने ग्रन्थमा स्पष्ट रुपमा वर्णन गर्नु भएको छ ।

यस्तै नेपाल भाषा एवं नेपाली भाषाका विद्वान साहित्यकार एवं नेपाल संस्कृतिका एक अन्वेषक श्री सत्यमोहन जोशीले पनि त्यसबेला बौद्धहरूलाई गरेको दमन कार्यको विषयलाई लिएर नाटकिय रुपमा एउटा किताब लेख्नु भएको थियो । नेपाल भाषामा लेखिएको त्यस किताब (७ दँ लिपा) मा भूमिकाको रुपमा लेखिएको "छत्वाचा खँ" मा वहाँले भन्नु भएको छ –

"समकालीन विषययात कया च्वयागु थ्व: छगू व:चाधगु पूधा प्याखँ ख: । थुकी ग्वाना च्वंगु बुलुमियागु नं नेपादेयागु क्रान्तिकारी इतिहासे थ:गु अमूल्यगु देन दु ।"

★

Dhamma.Digital



https://dhamma.digital

# – सन्दर्भ –

१) साहित्यसुता, कर्मस्थानाचार्य, बौद्ध ऋषि महाप्रज्ञाया आत्म कथा,
(भाग १–२) –सम्पादन – दरशा नेवामि
– सकलोपासकपासिका ऋषि आश्रम
डिल्लीवजार, ने. सं. ११०३–११०६

२) संघनायक भदन्त प्रज्ञानन्द महास्थविरया जीवनी – आर. बी. वन्द्य
– साहु तेजरत्न तुलाधर, असन
(न्हापांगु संस्करण) वि. सं. २०३२

३) क्यान्छा लामा व ङोन्दु लुमन्ति मुना – सत्यमोहन जोशी
– वोधि प्रकाशन केन्द्र, यल, ने, सं. १११०

४) महाचीन यात्रा – भिक्षु धर्मालोक महास्थविर
– धर्मोदय सभा, कालिम्पोङ्ग, वु. सं. २४६३

५) नेपालको जनक्रान्ति – भुवनलाल प्रधान
– रूमु प्रकाशन, पकनाजोल – २०४७

६) नेपालय "स्थविरवाद" गुकथं वःगु खः – लाकौल, वैकुण्ठ प्रसाद –
– मालती लाकौल, महाबुद्ध–ने. सं. ११०५



https://dhamma.digital

# मन्तव्य

२०४३ साल, पौष ७ गते स्थापना भएको "यूवा बौद्ध पूचः" ले यस बर्ष पूचःका उपाध्यक्ष श्रीरत्न सुन्दर शाक्य द्वारा लिखित "नेपालको इतिहासमा कलंकित घटना" नामक पुस्तिका प्रकाशन गर्न पाउँदा हामीलाई अति हर्ष लागेको छ ।

शाक्यज्यूले यस पुस्तिकामा विगत (राणा शासनकाल) मा गरिएको बौद्धहरूको दमनको साथै वर्तमान समयमा पनि सत्ता पक्षको तर्फबाट प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा दमन गरि नै आएको कुराको पनि महशुस (आभास) गराउनु भएको छ ।

यस पुस्तिकाको अध्ययन गरी कुनै एक जनाले मात्र भए पनि बुद्ध - धर्मको सही तथ्यलाई अवगत गरी बुद्ध-धर्ममा दिलचस्पी राख्दै गएमा हाम्रो प्रकाशन कार्य सफल भएको सम्झन्छु ।

**बसन्त रत्न बज्राचार्य**
अध्यक्ष
यूवा बौद्ध पूचः
भक्तपुर

२४ कार्तिक २०४८

Dhamma.Digital

https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital